नेपाल सरकार

उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान महाशाखा


## मिति २०८२ असार २४ गतेको भोटेकोशी बाढी

(प्रारम्भिक अध्ययन प्रतिवेदन)

**जारी मितिः २०८२/०३/२४, विहान १० बजे**

१) मिति २०८२-०३-२४ गते विहान ३ बजे आसपास भोटेकोशी नदीमा तिब्बत क्षेत्रबाट एक्कासी ठुलो बाढी प्रवेश गरेको देखिन्छ।

२) रसुवागढी नाकाबाट केही तल रसुवा-टिमुरे स्थित रहेको जलविद्युत आयोजनाबाट प्राप्त स्वचालित जलमापन केन्द्रको तथ्याङ्क अनुसार विहान ३:१० बजे उक्त स्थानमा जलसतह एक्कासी करिव ३.५ मिटर बढेको देखिन्छ।





३) रसुवागढी नाकाबाट करिव १३ किलोमिटर तल यस विभागको रसुवा स्थित स्याप्रुवेसी स्वचालित जलमापन केन्द्रमा विहान ३:३० बजे एक्कासी बहाव बढेको देखिन्छ। उक्त केन्द्रमा विहान ३:३० बजे ३.६५ मिटर रहेको जलसतह एक्कासी ३:४० बजे ५.३७ मिटर पुगेको र तत्कालै केन्द्रबाट तथ्याङ्क संप्रेषण बन्द भएको देखिन्छ। उक्त केन्द्रका गेजरिडर संग विहान ६ बजे आसपास सम्पर्क कायम भएको र निजका अनुसार केन्द्र बगाएको जानकारी प्राप्त भएको छ।

नेपाल सरकार


उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान महाशाखा




४) रसुवागढी नाकाबाट करिव ४१ किलोमिटर तल यस विभागको नुवाकोट स्थित त्रिशुली वेत्रावती स्वचालित जलमापन केन्द्रमा विहान ५:०० बजे उक्त बहाव पुगेको देखिन्छ। उक्त केन्द्रमा विहान ५:०० बजे १.६० मिटर (बहाव करीव २२० घनमिटर प्रति सेकेण्ड) रहेको जलसतह एक्कासी विहान ५:१० बजे ३.६३ मिटर पुगेको र उच्चतम जलसतह विहान ५:५० बजे ४.१८ मिटर (बहाव करीव १६०० घनमिटर प्रति सेकेण्ड) पुगेको देखिन्छ।




५) प्रारम्भिक रुपमा यस बाढीको ठुलो प्रभाव भोटेकोशी तथा त्रिशुली नदीको रसुवा जिल्लाको क्षेत्रमा परेको र मध्यम प्रभाव नुवाकोट जिल्लाको त्रिशुली नदी तटीय क्षेत्रमा परेको तथा सामान्य प्रभाव धादिङ जिल्लाको बुढी गण्डकी दोभान (वेनिघाट) आसपास सम्म पर्ने देखिएकोले तीनै वटा जिल्लाका नदी तटीय क्षेत्रमा आज दिउसो सम्मै सतर्कता जरुरी देखिएकोले विहान ६:३० बजे सरोकारवाला तथा नदी तटीय क्षेत्रका आम सर्वसाधारणलाई SMS मार्फत अलर्ट जारी गरिएको।

नेपाल सरकार

उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान महाशाखा

**जारी भएको SMS अलर्ट**


**#अलर्ट**

असार २४ गते, विहान ६:१० बजे


नुवाकोट जिल्ला स्थित त्रिशुली नदी बेत्रावती जलमापन केन्द्रमा जलसतह सतर्कता तह आसपास र बढ्दो क्रममा रहेकाले त्रिशुली नदीको तल्लो तटीय आसपासका क्षेत्रमा रहनुहुनेहरूले आवश्यक सतर्कता अपनाईराखौं।


जल तथा मौसम विज्ञान विभाग

६) गत २४ घण्टा (मिति २०८२-०३-२३ गते विहान ९ बजे देखि २०८२-०३-२४ गते विहान ९ बजे सम्म) मा नेपाल-चिन सिमा बाट नजिकमा रहेको रसुवा स्थित क्याञ्जिङ मौसमी केन्द्र र रसुवा स्थित धुन्चे मौसमी केन्द्रमा फाटफुट मात्र वर्षा मापन भएको देखिन्छ।




७) वर्षा मापन केन्द्रले देखाएजस्तै पाल्पा र उदयपुर स्थित दुवै राडारको असार २४ गते बिहान ०१:१५ देखि ०२:१५ सम्मको विश्लेषणमा (क्रमशः पहिलो र दोस्रो चित्र) धादिङ जिल्लामा हल्का वर्षा भएको देखिन्छ।




नेपाल सरकार


उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग


## बाढी पूर्वानुमान महाशाखा

८) साथै पाल्पा राडारको तथ्याङ्क विश्लेषण गर्दा समेत बाढी आउनु भन्दा ३ घण्टा (असार २४ ००:१५ देखी ०३:१५) र ६ घण्टा (असार २३ गते २१:१५ देखी असार २४ गते ०३:१५) अगाडी (क्रमशः पहिलो र दोस्रो चित्र) रसुवाको सिमाबर्ती क्षेत्रमा वर्षा भएको देखिएन।




९) विश्व मौसम संगठनको Flash Flood Guidance System को Global HydroEstimator Satellite-based Precipitation Estimates अनुसार पनि भोटेकोशी जलाधार क्षेत्रमा गत २४ घण्टामा वर्षा भएको देखिंदैन।




FFGS:- Global HydroEstimator Satellite-based Precipitation Estimates

नेपाल सरकार


उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान महाशाखा

१०)  उपरोक्त विवरणहरुका आधारमा प्रारम्भिक रुपमा यस बाढी वर्षाको कारण उत्पन्न भएको देखिदैन।

११)  रसुवा लाङटाङ क्षेत्र स्थित क्यानजिङ हिम केन्द्रमा मापन गरिएको अधिकतम तापक्रम अनुसार विगत तिन दिन (जुलाई ५,६ र ७) को अधिकतम तापक्रम क्रमशः १३.५, १३.९ र १३.० डिग्री सेल्सियस रहेको देखिन्छ।




१२)  भोटेकोशी नदी जलाधारको तिब्बतको क्षेत्रमा थुप्रै हिमतालहरु अवस्थित रहेकोले बाढीको संभावित कारण पत्ता लगाउन तथा नदी तटीय क्षेत्रमा बाढीको असर आंकलनको लागि आज विहान ७ बजे Sentinel Asia Platform मा तत्कालको भू-उपग्रह तस्विर प्राप्त गर्न Emergency Observation Request (EOR) जारी गरिएको छ।

१३)  यस बाढीको विभागले निरन्तर अनुगमन गरिरहेको र हाल बहाव घट्दो क्रममा रहेता पनि जोखिम कायम रहेकोले भोटेकोशी तथा त्रिशुली नदी तटीय क्षेत्रका आम सर्वसाधारण तथा सरोकारवालाको लागि निम्नानुसार SMS अलर्ट जारी गरिएको छ।

असार २४ गते, विहान ९:४५ बजे
रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा अवलोकन भएको बाढी तिब्बतको क्षेत्रबाट उत्पन्न भएको र हाल घट्दो क्रममा रहेको भएतापनि संभावित जोखिमलाई ध्यानमा राखि त्रिशुली नदीको रसुवागढी देखि धादिङ जिल्लाको वेनिघाट सम्म त्रिशुली नदी तटिय क्षेत्रमा अर्को सूचना जारी नहुंदा सम्म सतर्कता अपनाइराख्न हार्दिक अनुरोध गर्दछौं।
ज.मौ,वि.वि

१४)  यस सम्बन्धमा विभागबाट थप अध्ययन भइरहेकोले निरन्तर अपडेट जारी हुँदै जाने व्येहोरा अवगत गर्दछौं।